भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. : ०७९।०८०

सूचना नं.: १०३

## आर्थिक वर्ष २०७९/०८० को सम्पति विवरण पेश गर्ने सम्बन्धि सूचना !

(सूचना प्रकाशित मितिः२०८०/०३/३१ गते)

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१(क) को उपदफा (१), निजामति सेवा ऐन, २०४९ को दफा ५४ तथा निजामति सेवा नियमावली, २०५० को नियम ११८ को उपनियम (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११० को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेका सम्पूर्ण कर्मचारी, शिक्षक, जनप्रतिनिधि/पदाधिकारीहरुले आर्थिक वर्ष समाप्त भएको ६० (साठी) दिनभित्र आफ्नो सम्पति विवरण बुझाउनुपर्ने व्यवस्था छ । तसर्थ : आ.व. २०७९/०८० को सम्पति विवरण निर्धारित ढाँचामा भरी छुट्टाछुट्टै खामबन्दी गरी खाम बाहिर देहाय बमोजिमको विवरणसहित जनप्रतिनिधि/पदाधिकारी, स्थानीय तहका कर्मचारी (स्थायी र करार) र शिक्षक (करार) हरुको हकमा भूमे गाउँ कार्यपालिकाको कार्यालय मार्फत प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, स्थायी शिक्षकहरुको हकमा शिक्षक किताबखाता र निजामती कर्मचारीको हकमा सिधै राष्ट्रिय किताबखानामा निर्धारित समयमा आफ्नो सम्पति विवरण अनिवार्य दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै तोकिएको समयावधिभित्र सम्पति विवरण पेश नगरेमा रु. ५,०००। (पाँच हजार) जरिवानाका साथै पुन : सम्पति विवरण पेश गर्नुपर्ने भएकोले सम्पति विवरण भर्न/ भराउन सम्बन्धित सबैमा अनुरोध छ ।

### सम्पति विवरणको खाम बाहिर उल्लेख गर्नुपर्ने विवरण :

**कर्मचारीहरुको हकमा:**

**आ.व. २०७९/०८० को सम्पति विवरण :**

**कर्मचारी संकेत नं. :** **श्रेणी/ तह :**
**नामथर :** **कार्यरत कार्यालय :**
**पद/दर्जा :** **मोबाइल नं. :**
**सेवा/ समूह :** **ईमेल ठेगाना :**

**शिक्षकको हकमा :**

**आ.व. २०७९/०८० को सम्पति विवरण :**

**शिक्षकको नामथर :** **संकेत नं. :**
**तह :** **जिल्ला :**
**श्रेणी :** **मोबाइल नं. :**
**कार्यरत विद्यालय :** **ईमेल ठेगाना :**

**जनप्रतिनिधि/पदाधिकारीहरुको हकमा :**

**आ.व. २०७९/०८० को सम्पति विवरण :**

**नामथर :** **प्रदेश :**
**जिल्ला :** **स्थानीय तहको नाम :**
**हालको पद/ दर्जा :** **वडा नं. :**
**मोबाइल नं. :** **ईमेल ठेगाना :**

.....................
प्रेम प्रसाद भट्टराई
(अधिकृत छैटौं)